म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

सम्वृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २३५ २०८० साउन ५ गते शुक्रबार 21 July 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

## डेंगु जाँच गराउनेको संख्या बढ्दो

हेटौंडाः हेटौंडा अस्पतालमा डेंगु जाँच गराउने आउने बिरामीको संख्या बढेको छ । साउन महिना सुरु भएपछि अस्पतालमा ४३ जनाले डेंगु जाँच गराएका हुन् । साउन महिनाको चार दिनभित्रै ४३ जनाले डेंगु जाँच गराएको हेटौंडा अस्पतालका प्रयोगशाला प्राविधिक राजेन्द्र पौडेलले जानकारी दिनुभयो । अस्पतालमा जाँच गराएका ४३ जनाकै रिपोर्ट भने नेगेटिभ आएको उहाँले बताउनुभयो । डेंगु जाँच गराउने सबै मकवानपुर जिल्लाका रहेको पौडेलले बताउनुभयो ।अहिले हेटौंडामा डेंगुको जटिल अवस्था देखिएको छैन । डेंगु संक्रमणको सम्भावनालाई बुझेर अस्पतालले तयारी गरिसकेको उहाँको भनाइ छ । कसैलाई डेंगु भएमा अघिल्ला वर्षजस्तो गाह्रो नहुने बताइएको छ । डेंगुबाट बच्न पूरै बाउला भएको लुगा लगाउने, लामखुट्टेबाट बच्ने तेल लगाउने, झुल हालेर सुत्ने गर्नुपर्ने चिकित्सकहरुले बताएका छन् । डेंगुको लक्षणहरु टाउको दुख्ने, जिउ दुख्ने, हाइब्रिड ज्वरो, दागहरु आउने रहेको छ ।

### ४ वटा विद्यालयमा आइपुगे बस

# घण्टौं हिंड्नु पर्ने विद्यार्थीलाई राहत हुने

जमुना थिङ

हेटौंडाः बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको २५/२५ लाख रुपैयाँको अनुदानमा मकवानपुर जिल्लाका ४ वटा विद्यालयमा ४२ सिट क्षमताको विद्यालय बस आइपुगेको छ । मकवानपुर गढी गाउँपालिका-२ मा रहेको चण्डिका माध्यमिक विद्यालय, हेटौंडा उपमहानगर पालिका-१३ मा रहेको महेन्द्र माध्यमिक विद्यालय, बागमती गाउँपालिकामा रहेको जनता माध्यमिक विद्यालय र इन्द्रसरोवर गाउँपालिकामा रहेको सरस्वती बालबोधिनी माध्यमिक विद्यालयमा बस आइपुगेका हुन् ।

थाहा नगरपालिकामा रहेको बागेश्वरी माध्यमिक विद्यालयमा भने बस आइपुगेको छैन । बागमती प्रदेश सरकारसँग गत असार २५ गतेभित्र विद्यालयलाई बस उपलब्ध गराउने सम्झौता भएपनि हालसम्म विद्यालयमा बस आइनपुगेको बताइएको छ । प्रदेश सरकारबाट बस खरिद भइसकेको, तर काठमाडौंबाट विद्यालयमा बस आइपुग्न ढिलाइ भएको बागेश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक वीर मान स्याङ्तानले जानकारी दिनुभयो ।

मकवानपुरगढी-२ मा रहेको चण्डिका माध्यमिक विद्यालयका प्रधानाध्यापक कमल फुयाँलले विद्यालयमा मंगलबार बस आइपुगेको बताउनुभयो । दैनिक ६ घण्टासम्म पैदलयात्रा गरेर विद्यालय धाउन बाध्य भएका विद्यार्थीलाई बसका कारण धेरै सुविधा पुग्ने उहाँले जानकारी दिनुभयो । मकवानपुरगढी-२ स्थित लेनडाँडा र मकवानपुरकै बकैया गाउँपालिका-१२, जितपुरभञ्ज्याङका विद्यार्थी दैनिक घण्टौं हिँडेर विद्यालय आउने गरेको उहाँले बताउनुभयो ।

"करिब ३५-४० जना विद्यार्थी पढ्नकै लागि दैनिक ६ घण्टा पैदलयात्रा गर्न बाध्य छन्", प्रधानाध्यापक फुयाँलले भन्नुभयो, "अब ती विद्यार्थी विद्यालयमा पढ्न आउनकै लागि पैदल यात्रा गर्नु पर्दैन ।" विद्यालय बस सेवाबाट विद्यार्थी पूर्णरुपमा लाभान्वित हुने भएपछि पैदलयात्रा गरेर विद्यार्थी घण्टौं हिँड्नुनपर्ने उहाँले बताउनुभयो । विद्यालयमा अध्ययनरत करिब २ सय विद्यार्थी उक्त बस सेवाबाट लाभान्वित हुने उहाँको भनाइ छ ।

वर्षे विदा भएका कारण अहिले विद्यालय बन्द रहेको छ । आउँदो साउन २८ गतेबाट विद्यालय सञ्चालनमा आएपछि बस सेवा सुरु हुनेछ । सकेसम्म विद्यार्थीलाई आर्थिक भार नपर्ने गरी विभिन्न संघसंस्था र स्थानीय तहको सहकार्यमा बस सेवा सञ्चालनमा ल्याउने तयारी भइरहेको प्रधानाध्यापक फुयाँलले जानकारी दिनुभयो । अन्य विद्यालयका विद्यार्थी पनि लाभान्वित हुनेगरी बस सेवा सञ्चालनको तयारी भइरहेको उहाँको भनाइ छ । बस सेवा सञ्चालानमा आएपछि विद्यार्थीको समय बचत हुने भन्दै प्रधानाध्यापक फुयाँलले पैदलयात्रा गर्नुपर्ने घण्टौं समयलाई अब विद्यार्थीले अध्ययनका लागि खर्चिन सक्ने भएकाले शैक्षिक गुणस्तर समेत वृद्धि विश्वास व्यक्त गर्नुभयो ।

हेटौंडा-१३ मा रहेको महेन्द्र माध्यमिक विद्यालयमा पनि सोमबार बस आइपुगेको छ । महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक विष्णु श्रेष्ठ भन्नुहुन्छ, "विद्यालयमा बस आइपुगेपछि कुन रुटमा विद्यालय बस सञ्चालन गर्ने भन्ने विषयमा अन्यौल रहेको छ ।" वनस्पति, सिग्रेनी, टुटेपानीबाट तत्काल बस सेवा सञ्चालनको माग आएकाले अन्यौलता सिर्जना भएको उहाँले बताउनुभयो । २ घण्टासम्म पैदलयात्रा गरेर पनि विद्यार्थी आउन बाध्य छन् । मनहरी-१, कमेरोपानीका करिब १० जना विद्यार्थी लामो समय पैदलयात्रा गर्न बाध्य रहेको उहाँले जानकारी दिनुभयो । करिब एक महिनाभित्र बस सेवा सञ्चालनमा आउने उहाँले बताउनुभयो ।

स्थानीय तहको सहकार्यमा बस सेवा सञ्चालनमा ल्याउने प्रयास भइरहेको भए पनि हेटौंडा उपमहानगरपालिकाले बजेट अभाव देखाउँदै आइरहेको उहाँले बताउनुभयो । इन्धन, बस चालक र सहचालकको तलबभत्ता स्थानीय तहले उपलब्ध नगराए विद्यालयले आन्तरिक स्रोतबाट व्यहोर्ने उहाँको भनाइ छ । विद्यालयमा करिब एक हजार विद्यार्थी अध्ययनरत् छन् ।

इन्द्रसरोवर गाउँपालिकामा रहेको सरस्वती बालबोधिनी माध्यमिक विद्यालयमा पनि मंगलबार बस आइपुगेको छ । बस कलंकीदेखि मार्खुसम्मको रुटमा सञ्चालन गरिने विद्यालयका प्रधानाध्यापक रामशरण दाहालले जानकारी दिनुभयो । "करिब ३०–३५ जना विद्यार्थी ७ किलोमिटर पैदलयात्रा गर्न बाध्य छन्", प्रधानाध्यापक दाहालले भन्नुभयो, "विद्यार्थी पूरा घण्टी नपढी बीचैमा बस छुट्छ भन्दै घर जाने गरेका थिए ।" विद्यालयको बस सुविधा भएपछि यस्ता समस्या अन्त्य हुने उहाँको भनाइ छ ।

न्यून आयस्तर भएका समुदायका विद्यार्थी अध्ययनरत् भएकाले पनि स्थानीय तह र विभिन्न संघसंस्थाको सहकार्यमा बस सेवा सञ्चालनमा ल्याउने उहाँले जानकारी दिनुभयो । वार्षिकरुपमा बस सेवा सञ्चालनका लागि १२ लाख रुपैयाँ खर्च चाहिने अनुमान गरिएको छ । जसमा गाउँपालिकाबाट ६ लाख रुपैयाँ, ढुंगा र माछा व्यवसायी संस्थाबाट थप रकम सहयोग जुटाएर बस सेवा सञ्चालन गरिने उहाँले बताउनुभयो । विद्यालयमा करिब २ सय ५० जना विद्यार्थी अध्ययनरत् छन् ।

## ३ महिनामा साढे ६ हजारले लिए राहदानी

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाबाट ३ महिनामा साढे ६ हजार जनाले राहदानी लिएका छन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट २०८० वैशाखदेखि असारसम्म ६ हजार ५ सय ८९ जनाले राहदानी लिएका हुन् । पछिल्लो समय राहदानी लिनेको संख्या बढ्दै गएको छ । बैदेशिक रोजगारीमा जानेको संख्या पनि बढ्दै गएको तथ्याङ्कले देखाएको छ ।

सोही अवधिमा जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट ४ हजार ४ सय ४८ जनाले नयाँ नागरिकता लिएका छन् । जसमा २ हजार ४१ जना पुरुष र २ हजार ४ सय ७ जना महिला छन् । ३ हजार २ सय २२ जनाले नागरिकताको प्रतिलिपि लिएका छन् । कार्यालयबाट सोही अवधिमा ४ हजार एक सय ९८ पुरुष र २ हजार ९ सय ८२ जना महिलाको राष्ट्रिय परिचयपत्रका लागि विवरण संकलन गरिएको छ । कार्यालयमा ४५ मुद्दा दर्ता भएकोमा ४२ वटा मुद्दा फैसला भएको छ । कार्यालयले १ सय ३१ जनालाई नाबालक परिचयपत्र वितरण गरेको छ । पछिल्लो ३ महिनाको अवधिमा कार्यालयले २ पटक कार्यालय अनुगमन र ५ पटक बजार अनुगमन गरेको छ ।


उक्त अवधिमा कार्यालयले ३ करोड ७६ लाख ९१ हजार ४ सय रुपैयाँ राजस्व संकलन गरेको छ । कार्यालयले एक जनालाई १५ लाख ५४ हजार ५ सय ७८ रुपैयाँ बैदेशिक रोजगारी क्षतिपूर्ति प्रदान गरेको छ । यस्तै, विपद राहतवापत १२ जनालाई २ लाख ५ हजार, सवारी दुर्घटना पीडितलाई क्षतिपूर्तिवापत ३ जनालाई १४ लाख ५० हजार र १३ जना द्वन्द्वपीडितलाई ५ लाख ७५ हजार रुपैयाँ राहत प्रदान गरेको छ । कार्यालयले उक्त अवधिमा चालुतर्फ ८० लाख ३ हजार रुपैयाँ र पुँजीगततर्फ ३ लाख ८५ हजार रुपैयाँ खर्च गरेको छ ।









## सम्पादकीय

# दण्डहीनताको अन्त्य

दण्डहीनताको अन्त्य गरी मानवअधिकारको रक्षा र मानवतासम्बन्धी कानुनको सर्वोपरितालाई सम्मान होस् भन्ने चाहना प्रत्येक मानिसमा हुन्छ । विश्वव्यापीरुपमा शान्ति कायम राखी न्याय प्राप्तिको लागि न्यायका सर्वमान्य सिद्धान्तअनुकूल आवश्यक व्यवस्था हुनुपर्ने आवाज उठ्ने गरेको छ । दण्डहीनताको अन्त्यबाटै कानुनी राज्यको औचित्य रहने भएकाले अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गरेर विश्वभरका मानवलाई समान न्याय दिने अन्तर्राष्ट्रिय समुदायको चाहनाबमोजिम रोम विधान बनेको हो । १७ जुलाई १९९८ मा इटालीको रोममा बसेको अन्तर्राष्ट्रिय समुदायको बैठकले अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्न रोम विधान पारित गरिएको थियो । यही विधानबमोजिम सन् १ जुलाई २००२ मा रोम सन्धिको नाममा एउटा अन्तर्राष्ट्रिय सन्धि पारित गरियो । १७ जुलाई १९९८ मा स्वीकार गरिएको विधान ४ वर्षपछि लागू गरिएको भए पनि रोम विधान पारित भएको दिनको सम्झनामा प्रत्येक वर्ष जुलाई १७ मा अन्तर्राष्ट्रिय न्याय दिवस मनाउने गरिएको छ ।

रोम विधान पारित गरिएको दिन (१७ जुलाई)को स्मरणमा संसारभर मनाइने अन्तर्राष्ट्रिय न्याय दिवसका अवसरमा प्रत्येक वर्ष अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले सरकारसमक्ष रोम विधान अनुमोदन गर्न माग गर्दै आएको छ । अन्तर्राष्ट्रियस्तरमा गरिएका मानव अधिकारसम्बन्धी प्रतिबद्धताबारे सरकारलाई स्मरण गराउन तथा मानव अधिकार र मानवताविरुद्धका गतिविधिमा संलग्नलाई कारबाही गर्ने अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनको माग गर्दै इन्सेक बागमती प्रदेश कार्यालयले सरकारलाई ज्ञापनपत्र बुझाएको छ । इन्सेकले मकवानपुरका प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो । देशमा व्याप्त दण्डहीनताको अन्त्यका लागि सरकारले रोम विधानमा हस्ताक्षर गरी पक्ष राष्ट्र हुनुपर्ने इन्सेकको माग छ । अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान विश्वका १ सय २३ राष्ट्रले अनुमोदन गरिसकेको भए पनि नेपालले हालसम्म अनुमोदन नगरेको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ ।

सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउनका लागि पनि अन्तर्राष्ट्रिय फौजदारी अदालत (रोम विधान) लाई नेपालले अनुमोदन गर्नुपर्ने भन्दै अधिकारकर्मीहरुले करिब २ दशकदेखि आवाज उठाउँदै आएका छन् । तत्कालीन पुन:स्थापित प्रतिनिधिसभाले २०६३ साउन ९ गते नेपाल सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको (रोम विधान) अनुमोदन गर्न निर्देशनात्मक आदेश जारी गर्दै सर्वसम्मतरुपमा संकल्प प्रस्ताव पारित गरेको थियो । मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाका समयमा समेत पटक-पटक रोम विधान पारित गर्न सुझाव दिइँदै आएको छ । तत्कालीन परराष्ट्रमन्त्री उपेन्द्र यादवले २०६५ माघ २९ गते रोम विधान तत्काल अनुमोदन गर्नुपर्ने एजेण्डा मन्त्रिपरिषद् बैठकमा पेश गरेको भए पनि सरकारले उक्त विधान अनुमोदन गर्ने निर्णय गर्न सकेको छैन ।

यो विधानले आम नरसंहार, मानवताविरुद्धको अपराध र युद्धअपराधमा सजाय गर्ने क्षेत्राधिकार ग्रहण गरेको छ । रोम विधानको पक्षधर हुँदैमा राष्ट्रिय अदालतको क्षेत्राधिकारमा कटौती वा हस्तक्षेप हुने होइन । तर, पक्ष राज्यले रोम विधानमा परिभाषित गरेका गम्भीर प्रकृतिका अपराधहरुमा छानबिन, अभियोजन वा निर्णय गर्न अनिच्छित वा असमर्थ भएमा रोम विधानअनुसार अन्तर्राष्ट्रिय फौजदारी अदालतले क्षेत्राधिकार ग्रहण गर्दछ । यस्तो अवस्थामा पक्ष राज्यले अभियुक्तलाई पक्राउ गर्नदेखि लिएर प्रमाण संकलन र निर्णय कार्यान्वयनसम्म अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई सहयोग गर्नुपर्ने दायित्व सिर्जना हुन्छ । नरसंहार र मानवताविरोधी अपराधमा संलग्नलाई सरकारले कारबाही गर्न सकिरहेको छैन । बरु उल्टै राजनीतिक आडमा दण्डहीनतालाई प्रश्रय दिने खालको कानुन बनाउन सरकार अग्रसर बनिरहेको छ । अपराध गर्नेलाई सजाय दिलाएर दण्डहीनताको अन्त्य गर्नु सरकारको प्रमुख कर्तव्य भएकाले रोम विधान पारित गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : उपहार तथा पुरस्कार प्राप्त गरिन योग छ । |
| वृष | : प्राविधिक ज्ञानप्रति आकर्षण बढ्ने समय छ । |
| मिथुन | : हाँके ताकेका कामहरु पूर्ण हुने समय योग छ । |
| कर्कट | : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ । |
| सिंह | : हृदय र रोगव्याधबाट बच्दा राम्रो रहन्छ । |
| कन्या | : परीक्षा र प्रतियोगितामा सफलता प्राप्त होला । |
| तुला | : रहस्यात्मक विषयमा रुचि बढ्ने समय छ । |
| वृश्चिक | : अध्ययन– अध्यापन ठिकै रहने समय छ । |
| धनु | : धार्मिक यात्रा र पठनपाठन मध्यमकारक छ । |
| मकर | : अध्ययन– अध्यापन ठिकै रहने समय योग छ । |
| कुम्भ | : वादविवादबाट विशेष बच्दा राम्रो रहला । |
| मीन | : विद्यार्थीका लागि ठिकै रहने समय योग छ । |

# सरकारी जागिर निल्नु न ओकल्नु



✍ केशव पन्थी

पाँच वर्ष अघिसम्म गाउँमा कसैको इज्जत मान प्रतिष्ठा थियो भने केवल सरकारी जागिरेको मात्र थियो । गाउँमा सरकारी जागिरेको सङ्ख्या सीमित थियो । तीमध्ये प्राय: शिक्षक पेसामा आबद्ध थिए भने केही भारतमा रोजगारी गर्दथे त २-३ जनाको सङ्ख्या मात्रै हाम्रो गाउँबाट खाडी मुलुक गएका थिए । गाउँमा केटाकेटी कसैलाई भविष्यमा के गर्ने भनेर सोध्यो भने सबैको उत्तर सरकारी जागिर खाने भन्ने आउँथ्यो ।

अहिले समय बदलिएको छ । सबैको उद्देश्य विदेश जाने भएको छ । गाउँका छोराहरू अहिले प्राय: भारतभन्दा अन्यत्र पलायन भएका छन् । आर्थिक स्तर माथि उकास्न लागिपरेका छन् भने बुहारीहरू बच्चा पढाउन सहर पसेका छन् । गाउँ रित्तिन थालेको छ तर बच्चैदेखिको सरकारी जागिर खाने चाहनाबाट भने म पछि हट्न सकिनँ । प्रावि तहको अध्ययन अनुमति पत्र प्राप्त गरिसकेपछि शिक्षक सेवा पढ्नका लागि बटौली सहर पसेँ । अब मेरा सरकारी जागिर खाने सङ्घर्षका दिन त्यहाँबाट सुरु भए ।

म पनि स्नातक अध्ययन गर्दै शिक्षक सेवाको तयारी थालेँ । किताबहरू किनेँ, रूममा पढेर मात्र पास गर्न सकिँदैन भन्ने लागेर इन्स्टिच्युटमा भर्ना भए । मेरो शिक्षक हुने चाहना पूरा गर्न दिनरात नभनी पढ्न लागेँ ।

यतिकैमा एउटा बोर्डिङ स्कुलबाट मलाई अध्यापन गर्न बोलायो । अध्यापन गर्ने या नगर्ने भनेर म अलमलमा परेँ । गाउँ छोडेर सहर छिरेको थिएँ । घरभाडा, कलेजफी र आयोगको तयारी कक्षा फी तिर्नुपर्ने हुँदा आर्थिक भार पर्न लागिसकेको थियो । घरबाट मागिरहन मलाई अप्ठ्यारो लागिरहेको थियो । यस्तो अवस्थामा बोर्डिङबाट नेपाली शिक्षकको रूपमा अफर आउँदा मैले नकार्न पनि सकिनँ ।

अन्तिम उद्देश्य अध्यापन पेसा भएकाले बोर्डिङ पढाउँदा अनुभव पनि प्राप्त हुने रे मेरो खर्च धान्न केही राहत पनि हुने भएको अध्यापन क्षेत्रमा उक्त बोर्डिङबाट पहिलो पाइला चालेँ । बोर्डिङमा पढाउन सुरु गर्दा अब मलाई कलेजमा निरन्तर जान समय मिलेन । त्यसैले बीएडको तयारी आफैँ रूममा गर्न थालेँ । उता आयोगको क्लास भने साँझमा लिने गर्दथेँ । यतिकैमा आयोगको परीक्षा आयो । पहिलो पटक समावेश भएको परीक्षाबाट अनुभव त केही प्राप्त गरेँ । तर म उक्त परीक्षामा उत्तीर्ण हुन भने सकिनँ । आयोगको परीक्षामा पहिलो प्रयासमै उत्तीर्ण हुनु असम्भव प्राय: नै हो । त्यसैले यो असफलतालाई स्विकार्दै अर्को पटकलाई भरपुर तयारी गर्नु सिवाए अरू विकल्प थिएन ।

यता बोर्डिङमा पढाउने सिलसिलामा मेरा सहकर्मी (मिस) सँग मेरो अलिक बढी नै हिमचिम बढ्न थालेको थियो । उनी पनि नेपाली विषय नै पढाउने गर्थिन् । तर उनले आयोगको तयारी भने गरेकी थिइनन् ।

समय बित्दै गयो । बीएड दोस्रो वर्षको परीक्षा पनि आयो । व्यस्त भए पनि सो परीक्षा राम्रो भएको आभास भयो । फेरि दोस्रो पटकको आयोगको परीक्षा फर्म खुल्यो । यसपालि राम्रै तयारीसाथ बसेको थिएँ । जसरी पनि परीक्षा उत्तीर्ण गर्ने सङ्कल्प गरेको थिएँ । मिससँग हिमचिम ढाउँदै गर्दा माया बसिसकेको थियो । अनि प्रेम प्रस्ताव राखेँ, स्विकारिन् । बोर्डिङ एक किसिमको स्वर्ग जस्तो लाग्न थालेको थियो ।

यतिकैमा आयोगको परीक्षा पनि आयो । पहिले अर्घाखाँचीबाट फर्म भरेको यसपालि पाल्पामा कोटा धेरै भएकाले त्यहींबाट फर्म भरेको थिएँ । अनि परीक्षा दिन बुटवल हुँदै तानसेन गएँ । यस पटक निकै उत्साहसाथ गएँ । परीक्षा सोचेभन्दा राम्रो भयो । हलबाट निस्किनेबित्तिकै प्रेमिकालाई फोन गरेर खुसी बाँडेँ ।

चार महिनापछि नतिजा आयो, लिखितमा नाम निस्कियो । अन्तर्वार्तामा पनि सफल भएँ । अनि पाल्पाको सत्यवती गाउँपालिकाको एउटा प्राथमिक विद्यालबाट सरकारी सेवामा प्रवेश गरेँ ।

त्यसपछि मैले बोर्डिङसँग मात्र होइन, मेरी प्रिय मिससँग पनि विछोडिनुपर्यो । मन भारी बनाउँदै पाल्पा गएँ । कहिलेकाहीँ उनलाई भेट्न बुटवल भने जाने गर्थें । 'जति माया टाढा उति माया गाढा' मेरा लागि उल्टो भयो । पाल्पा गएपछि हाम्रो सम्बन्ध राम्रो हुन सकेन । त्यो बोर्डिङमा मेरो ठाउँमा पढाउन अर्को सरलाई ल्याएको रहेछ । अफसोच मिसको माया मेरै ठाउँमा आएको सरसँग सरे छ । त्यसपछि उनीसँग माया मर्दै गयो ।

समय बित्दै जाँदा मेरा धेरै साथी विदेशतिर लागे । कोही कोरिया, जापान, कोही अस्ट्रेलिया । म साथीहरुबाट पनि एक्लिएँ ।

घरबाट बिहेको दबाब आउन थाल्यो । बिहे गर्ने उमेर भएको महसुस हुन्थ्यो तर त्यसका लागि दुईवटा चुनौती थिए- सामान्य जागिरेलाई केटी पाउन र बिहेका १२, १३ लाख जुटाउन निकै हम्मे थियो । जुन केटी हेर्न गए पनि कोरिया जापानतिर या कुनै देश गएकासँग मात्र विवाह गर्ने भन्थे । आफन्तहरूको लामो समयको प्रयासपछि बिहेको निम्ति कन्या त खोज्न सफल भइयो ।

पैसा जुटाउनको निमित्त विदेशमा भएका मेरा साथीहरूलाई फोन गरेँ । विवाह गर्न लागेको, ऋण दिनुपर्यो भनेँ । तर उनीहरूले घरघडेरी किनेकाले आफ्नै ऋण भएको सुनाए । ऋणसमेत दिन अस्वीकार गरे । अनि निरास भएँ तर बुवाले आफन्त, दाजुभाइसँग सरसापटबाट बिहेका लागि ऋणको व्यवस्था गरिदिनुभयो ।

बिहे गर्ने निधो भयो । आफ्नै जिल्लाकी केटीसँग मागी विवाह भयो । म जागिरको सिलसिलामा पाल्पा बस्नुपर्ने र घरमा बुढी आमा मात्र भएकाले हेरचाहका लागि र मेरा खर्च कटौतीका लागि श्रीमतीलाई घरमै राख्ने निर्णय भयो ।

मेरा साथीहरु भने विदेश पसेर धेरै नै प्रगति गरेका थिए । मलाई भने बिहे गर्दाको ऋण तिर्दैमा ५-६ वर्ष लाग्ने निश्चित थियो । विदेशबाट साथीहरूले फोन गर्दै भन्छन्- "क्या मजा छ यार तँलाई त सरकारी जागिर खाएको छस्, आफ्नै देशमै बसेको छस्, हामी त बिग्रिने भयौँ । केटा विदेश आएर ! नेपालमै जागिर खान नि सकिएन । १२, १३ घण्टा जागिर गर्न पर्छ विदेशमै जिन्दगी जाने भयो हाम्रो त । आफ्नै देशमा परिवारसँग बस्न पाएको छस्, जिन्दगी त तेरो पो हो त !"

यस्ता भनाइ सुन्दा मनमा अमिलो हुन्छ । आफ्नै देशमा त छु तर परदेश भन्दा कम छैन । वर्षमा एक पटक दसैँमा घर जान्छु । श्रीमतीसँग वर्ष वर्षमा भेट हुन्छ । विदेशमा गएका पनि वर्ष वर्षमा आउँछन् । यहाँ न त विदेशमा जस्तो लाखौँ कमाइ हुन्छ न त परिवारसँग र माएर बस्न पाइएको छ । योभन्दा नर माइलो अरू के हुन्छ ? बरु विदेश गएको भए पैसा त समयमै कमाउन सकिन्थ्यो होला नि ? आफैँले आफैँलाई धिक्कार्न थाल्छु । म अब के गरूँ यो जागिरले मलाई खान मात्र पुग्छ । जीवनमा मैले कसरी प्रगति गर्न सक्छु ? भविष्यको सुनिश्चितता कसरी गर्नु ? एक मनले भन्छ अब जागिर छोडेर विदेश जानु पर्छ, नत्र भने बाँच्न गाह्रो छ ।

अर्को मनले भन्छ, सरकारी जागिर पो हो त विदेश पनि कहाँ सजिलो होला र ? जति छ, त्यसमै खुसी हुन सिक्नुपर्छ भनेर चित्त बुझाउन खोज्छु । तर चाडपर्वमा घर जाँदा विदेशबाट साथीहरू आउँछन् । पैसाका गफ लगाउँछन् अनि मेरो समाजले पैसावाला विदेशी साथीहरूसँग दाँजिदिन्छ । फलानाले यति ओटा घडेरी किन्यो रे । यहाँ घर किन्यो रे यी शब्दले मलाई पिरोलिरहन्छ । आज म खुकुरीको धारमा हिँडिरहेको छु । अब म गाउँ समाजकै बिचराको पात्र भएर देशलाई सेवा गरौँ या सरकारी जागिर छोडेर विदेश लागौँ ? म कुनै निर्णय लिन सकिरहेको छैन, दोधारमा छु । सरकारी जागिरे हुँदैनथेँ भने उहिल्यै नै विदेश पलायन हुने थिएँ । आज मलाई सरकारी जागिर निल्नु न ओकल्नु भयो ।

*(स्रोत: रातोपाटी)*

# मासुमा पोषण त हुन्छ, तर रोग पनि बढाइरहेको छ



✍ सुमित्रा लुईटेल




अहिले मासु खान छाड्नेको जमात विश्वभर नै बढ्दो छ । बीबीसीमा प्रकाशित एक रिपोर्ट अनुसार आफ्नो स्वास्थ्य सुधार्नेदेखि पर्यावरण र जनवारको हितको लागि मासु छाड्नेहरुको संख्या थपिंदै गएको छ ।

बीबीसीमा लेखिएको छ, 'यदि बेलायतको कुरा गर्ने हो भने एक तिहाइ नागरिक दाबी गरिरहेका छन् कि उनीहरुले मासु खान छाडिसके । अमेरिकामा पनि दुई तिहाइ नागरिकले विगतमा भन्दा निकै कम मासु खाइरहेको बताउने गरेका छन् ।'

तर विश्वमै शाकाहारीको जमात बढ्दै गएपनि मासुको खपत भने घटेको छैन । पछिल्लो ५० वर्षमा मासुको खपत विश्वमै तीव्र ढंगले बढिरहेको छ । साथै मासुको उत्पादन पनि बढेको छ । मासुको खपत बढ्नुमा मूलत: दुई कारण देखिएको छ, एक त जनसंख्या वृद्धि । अर्को चाहिं मान्छेको क्रय क्षमता ।

विकसित मुलुकहरुमा मासु उत्पादनको तौरतरिका पनि फरक छ । त्यहाँ मासुकै लागि पशु पालिन्छ । जवान र निरोगी पशुलाई सम्भव भएसम्म एकदमै कम पीडा दिएर बध गरिन्छ । यसरी उत्पादित मासुलाई स्वस्थ मापदण्ड अपनाएर भण्डारण तथा बिक्री वितरण गरिन्छ ।

तर हामीकहाँ उत्पादित मासु कति खानयोग्य छ भनेर जाँच गरिने परिपाटी छैन । न त बध गर्नुअघि पशुको स्वास्थ्य जाँच गरिन्छ । यही कारण यहाँ चिकित्सकहरुले सम्भव भएसम्म मासुको मात्रा नियन्त्रण गर्न सुझाव दिन्छन् । केही अध्ययनको निचोडले भन्छ, 'खासगरी रातो मासु मुटुरोग, हृदयघात र केही प्रकारका क्यान्सरको कारण बन्न सक्छ ।'

मासु जाँच ऐन प्रभावकारी रूपमा लागू हुन नसक्दा नेपालमा उपभोक्ताले गुणस्तरहीन मासु खान बाध्य भएको पोषणविद् भुपाल बानियाँ बताउँछन् । उनी भन्छन्, 'व्यवसायीले बिना परीक्षण मासु बिक्री वितरण गर्दा यहाँका जनता गुणस्तरहीन र अस्वस्थ्यकर मासु खान बाध्य छन् ।'

पशु वधशाला तथा मासु जाँच ऐन-२०५५ अन्तर्गत वधशाला ऐनहरू निर्माण भएका छन् । पशु वध गर्नुअघि जँचाउनुपर्ने, वध गरिएको पशुको मासु जाँच गर्नुपर्ने, मासुमा छाप वा चिह्न लगाउनुपर्ने जस्ता थुप्रै ऐन छन् । ती ऐन कार्यान्वयन नगरे पाँचदेखि २० हजार रुपैयाँसम्म जरिवाना र एक महिनासम्म कैद हुने व्यवस्था छ । तर यी सबै ऐन लागू भएका छैनन्, न त सम्बन्धित निकायले कार्यान्वयन भए नभएको अनुगमन नै गरेका छन् ।

'रातो मासु भन्दा कुखुराको मासु स्वस्थकर भनेर हामी कुखुराको मासु खान्छौं । तर कुखुरालाई छिटो बिक्री योग्य बनाउन व्यसायीहरुले दानामा धेरै मात्रामा विभिन्न प्रकारको एन्टिबायोटिक प्रयोग गर्छन्,' उनी भन्छन्, 'यस्तो धेरै मात्रामा एन्टिबायोटिक प्रयोग गरेर उत्पादन गरिएको कुखुराको मासु खाँदा पनि कालान्तरमा मिर्गौला कलेजो खराब हुन सक्ने सम्भावना बढ्न सक्छ ।'

सबै व्यवसायीले कुखुरालाई मापदण्ड भन्दा बाहिर गएर एन्टिबायोटिक दिएका छन् भन्ने होइन । केहीले त मापदण्ड अनुरूप नै पनि कुखुराको मासु उत्पादन र बिक्री वितरण गरेका पनि छन् । त्यसको एउटा उदाहरण भ्याली कोल्ड स्टोर भएको बानियाँले बताए ।

बानियाँ भन्छन्, 'पहिले गाउँघरमा खसीबोकालाई चराएर पाल्ने गरिन्थ्यो । तर अहिले खसी छिटो ठूलो बनाउन दाना नै खुवाउने गरिन्छ । जसले गर्दा खसीमा धेरै बोसो लाग्छ । उनी भन्छन्, 'खसीको मासुमा भएको त्यो बोसो स्याचुरेटेड फ्याटको मात्रा बढी हुन्छ । जसले गर्दा खसीको मासुको धेरै सेवनले मुटुसम्बन्धी समस्या निम्ताउन सक्छ ।'

राँगाको काँचो मासुमा जुका र 'माइक्रोब्याटिरियल कन्टामिनेसन' लगायत विभिन्न प्रकारका कीटाणु हुन्छन् । बानियाँ भन्छन्, 'यो मासुलाई राम्ररी पकाएर खाइएन भने दीर्घकालीन रुपमा मिर्गौला र कलेजोसम्बन्धी समस्या निम्तिन सक्छ ।'

'मासुलाई कसरी काट्ने, कसरी

...बाँकी पृष्ठ ३ मा

# १ महिनामा ३२७ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडाः हेटौंडामा रक्तसञ्चार केन्द्रले एक महिनामा ३ सय २७ जनाबाट रगन संकलन गरेको छ । विभिन्न संस्थाले आयोजना गरेको कार्यक्रम तथा रक्तसञ्चार केन्द्रमै पुगेर ३ सय २७ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंक प्रसाद दाहालले जानकारी दिनुभयो ।

असार महिनामा ७ वटा संघ, संस्थाले रक्तदान कार्यक्रम आयोजना गरेको थियो । असार ३ गते अस्तित्व व्याण्डले हेटौँडा-८, कमानेमा, असार ४ गते पतञ्जली जिल्ला योग समिरअति र हेटौँडा उपमहानगरपालिका कार्यालयले, असार ५ गते राष्ट्रिय स्वतन्त्र पार्टीले, असार ७ गते मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले, असार ९ गते लायन्स क्लब अफ मकवानपुर हेल्प डेस्कले, असार १६ गते लायन्स क्लब अफ मुक्तिनाथ र असार २९ गते नवोदय शिशु सदनले रक्तदान कार्यक्रमको आयोजना गरेको थियो ।

केन्द्रबाट असार महिनामा जेष्ठ महिनाको केहि स्टकसँगै ४ सय ४७ पिन्ट रगत वितरण भएको छ । अहिले रक्तसञ्चार केन्द्रमा ओ पोजेटिभ रगत बाहेक अरु सबै रगतको स्टक रहेको छ । संघ, संस्थाले रक्तदान कार्यक्रम गरिरहेको कारणले केन्द्रमा रगतको अभाव नभएको केन्द्रले जनाएको छ । सेतो रगतको कमि भएको बेला सेतो रगतका लागि केन्द्रको इमर्जेन्सी रक्तदातालाई बोलाइने गरिएको छ । असार महिनामा ४६ जनाले केन्द्रमै पुगेर रक्तदाता गरेका छन् ।

## मासुमा पोषण...

बिक्री लगायतको मापदण्ड विदेशमा मात्र होइन नेपालमा पनि छ । तर त्यो मापदण्ड पूरा भएको छ कि छैन भनेर अनुगमन गर्ने निकाय नहुँदा रोगी र कम गुणस्तरीय मासुले विभिन्न रोग निम्तिन सक्ने बानियाँ बताउँछन् ।

यसरी धेरै एन्टिबायोटिक प्रयोग भएको मासु खाने बित्तिकै त समस्या नदेखिएला तर कालान्तरमा दीर्घरोग बढ्न सक्छ । त्यसैले कुनै पनि जनावर मासु खान योग्य छ कि छैन भनेर भेटनरी डाक्टरले जाँच गरेर खान योग्य छ भनेर भनेपछि मात्र त्यसलाई बिक्री वितरण गर्नुपर्ने बानियाँ सुझाउँछन् ।

**माछा कति खानयोग्य ?**

स्वास्थ्यको दृष्टिकोणले प्रोटिन, ओमेगा थ्री हुने भएकाले माछा खानु राम्रो हुने बानियाँ बताउँछन् । 'तर नेपालमा उत्पादन हुने माछाले बजारको माग धान्न नसक्ने भएकाले भारत तथा अन्य देशहरूबाट माछा आयात हुने गर्छ,' उनी भन्छन्, 'माछा आयात गर्न लामो समय लाग्ने भएकाले नबिग्रियोस् भन्नका लागि त्यसमा कीटनाशक र लामो समय नबिग्रियोस् भनेर संरक्षकको रूपमा फर्मालिन प्रयोग गरिन्छ ।'

नेपालमा ल्याएर पनि लामो समय बिक्रीमा राख्न फर्मालिनको प्रयोग गरिन्छ । यसरी मरेको माछालाई फर्मालिन प्रयोग लामो समय राखेको माछा खाँदा दीर्घकालीन रूपमा मिर्गौला र कलेजोलाई असर गर्न सक्ने बानियाँ बताउँछन् । त्यसैले बजारबाट माछा किनेर ल्याउँदा मरेको माछा भन्दा जिउँदो माछा ल्याउनु उचित हुने उनको सुझाव छ ।

**के भन्छन् खाद्य अनुसन्धान अधिकृत ?**

खाद्य अनुसन्धान अधिकृत उज्ज्वल रायमाझीका अनुसार मासुबाट प्राप्त हुने प्रोटिन गेडागुडीबाट पाइनेमा भन्दा बढी बायोलोजिकल भ्यालु भएको हुन्छ । यसको अर्थ मासुमा भएको प्रोटिनलाई शरीरले बढी सोस्न र प्रयोग गर्न सक्छ । त्यसैले मासु खानु स्वास्थ्यका लागि राम्रो भएकाले यसको सेवन विश्वभर नै गरिने रायमाझी बताउँछन् ।

'यस्तोमा नेपालमा पाइने मासु कति स्वस्थकर छ ? मासुको लागि प्रयोग हुने जनावर कति स्वस्थ छन् ? भन्ने कुराको अनुगमन गर्ने काम सम्बन्धित निकाय हो । तर जति अनुगमन हुनु पर्ने हो त्यति अनुगमन भएको छैन,' रायमाझी भन्छन् ।

धेरै मात्रामा एन्टिबायोटिक प्रयोग भएको मासुले नै बजार भरिएको भन्ने कुरा सत्य नभएको उनी बताउँछन् । रायमाझी भन्छन् । 'हामीले गरेको केही अनुगमन अनुसार धेरै व्यवसायीले मापदण्डमा रहेर नै काम गरेका छन् । तर नेपालमा मासुको लागि पशुपालन र मासु बिक्री घरघरमा हुन्छ । यस्तोमा केही व्यवसायीले नाफाको लागि धेरै हार्मोन दिएका पनि हुन सक्छन् ।'

*(स्रोतः अनलाईनखबर)*


## विद्युत आपुर्ति बन्द सम्बन्धी सूचना

१३२ के.भि.प्रशारण लाईनको कन्डक्टर अपग्रेडीङ्ग कार्यको लागि मिति २०८०।०४।०५ गते दिउसो १ : ०० बजे देखि साझ ४ : ०० बजे सम्म हेटौडा ग्रिड माहाशाखा अन्तर्गत रहेको कमाने सवस्टेशबाट वितरित सम्पुर्ण ३३ र ११ के.भि.का फिडरहरु बन्द हुने व्यहोरा जानकारीको लागि अनुरोध छ । यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधा प्रति ने.वि.प्रा., हेटौडा वितरण केन्द्र क्षमाप्रार्थी छ ।

**तपशिल :**

**लाईन अवरुद्ध हुने फिडरहरु :**

१. ३३ के.भि. फिडर अन्तर्गत पर्नेः शिवम् सिमेन्ट र रिद्धिसिद्धि सिमेन्ट
२. ११ के.भि. फिडर अन्तर्गत पर्नेः रंगशाला फिडर, पदमपोखरी फिडर, एच.आई.डि फिडर, ग्रामिण फिडर तथा गढि फिडर

मितिः २०८०/०४/०५ गते ।
समयः विहान १:०० बजे बाट बेलुका ४:०० बजे सम्म ।

(**नोट**: समय अगाडि नै काम सकेको अवस्थामा तोकिएको समय अगावै विद्युत संचालन हुनेछ । मौसम प्रतिकुल भई उक्त कार्य सोही दिन सम्पन्न गर्न असम्भव भएमा सो कार्य अर्को दिन गर्ने व्यहोरा पनि जानकारी गराईन्छ ।)

**नेपाल विद्युत प्राधिकरण**
**हेटौडा वितरण केन्द्र**
**हेटौडा**

## मकवानपुर बहुमुखी क्याम्पसको कोर्ष करारमा शिक्षक पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८०/०४/०५ गते)*

यस मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाको लागि निम्न पदहरु कोर्ष करारमा पूर्ति गर्नुपर्ने भएकाले क्याम्पस सेवा समितिको मिति २०८०/०४/०३ गतेको निर्णयानुसार देहाय वमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र वैयक्तिक विवरण, आवश्यक प्रमाण पत्रका प्रतिलिपि र एक प्रति फोटो सहित स्वहस्तलिखित दरखास्त (कार्यालय समयभित्र) आव्हान गरिएको छ ।

**विज्ञापन नं.: ६/२०८०/२०८१**
विषयः नेपाली
पदः- कोर्ष करार शिक्षक
संख्याः- १ (एक)
न्यूनतम योग्यताः- स्नातकोत्तर तहमा मूल बिषय नेपाली लिई कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्ने छ ।

**विज्ञापन नं.: ७/२०७९/२०८०**
विषयः सूचना तथा प्रविधि (Information & Technology)
पदः कोर्ष करार शिक्षक
संख्याः १ (एक)
न्यूनतम योग्यताः- सूचना तथा प्रविधि (MICTE वा M.Sc. CSIT वा MCA वा MIT वा ME in Computer Engineering वा सो सरह) विषय लिई स्नातकोत्तर तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्ने छ ।

**छनौट विधि** : कक्षा अवलोकन तथा अन्तर्वार्ता ।
पारिश्रमिक : क्याम्पसको नियमानुसार ।
दरखास्त दस्तुर : रु. ५००/ (पाँच सय) मात्र ।

**मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा**
**सम्पर्क नं. : ०५७-५२०६२०, ५२१८६७, ५२३७६२**

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**


# मकवानपुर बालविद्या सदन

**हेटौंडा-१८, खड्कुले**

## प्रेरणादायी व्यक्तित्वः विष्णुमाया थपलिया

विष्णुमाया थपलिया हेटौँडा-१८, हर्नामाडीमा परिचित नाम हो । वि.सं. २०२९ साल माघ २७ गते भण्डारा चितवनमा जन्मनु भएकी थपलिया हाल हेटौँडा-१८, हर्नामाडीको रामधुनीमा घर भई मेडिकल व्यवसाय गर्दै आउनुभएको छ । गाउँमा "डाक्टर्नी दिदी, डाक्टर्नी नानी, डाक्टर्नी अन्टी" आदि नामले प्रायः वहाँलाई सम्बोधन गर्ने गरिन्छ । वडा नं. १८ मा प्रत्यक्ष निर्वाचित भई वडा सदस्य हुनुभएकी वहाँ हाल जिल्ला समन्वय समिति मकवानपुरको सदस्य समेत हुनुहुन्छ । वहाँको संघर्षपूर्ण शैक्षिक जीवनदेखि हाल जिससको सदस्यसम्मको यात्राको विषयमा हामी कक्षा १० का बिनिता गोड्‌बा, जेनिशा आले मगर र प्रतिष्ठा पोखेलसहित हाम्रो "बालविद्या सत्पथ बाल समूह" की सचिव सुहाना खड्का, सदस्य विशेष तिमल्सिना र अध्यक्ष रविना सापकोटाले गरेको कुराकानीका आधारमा तयार पारिएको अन्तरवार्ताको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ ।



*विनिताः हजुरको बाल्यकाल कस्तो थियो ?*

**थपलिया**: मलाई सानैदेखि पढ्नमा रुचि नै थियो । हाम्रो आर्थिक, सामाजिक हैसियत राम्रै थियो । त्यसैले बाल्यकाल सामान्य नै रह्यो ।

*रविनाः हजुरले हाम्रो विद्यालयमा दिनुभएको वक्तव्यमा २०४५ सालमा हजुरको विद्यालयबाट एसएलसी (हाल एसईई) पास गर्ने हजुर एक्लो छात्रा भएको कुरा बताउनुभएको थियो । त्यही कुराले हाम्रो उत्सुकता बढाएर हामी हजुरको अन्तरवार्ता लिन आएका हौं । खासमा त्यो के कुरा हो अलि प्रष्ट पारिदिनुस् न ।*

**थपलिया**: चितवनको भण्डाराको परिवेश उबेला ग्रामीण नै थियो । त्यसमा पनि हाम्रो विद्यालय (भण्डारा मावि)लाई कमजोर विद्यालय मानिन्थ्यो । त्यस विद्यालयबाट १०६ जनाले एसएलसी दिएको मध्ये ४ जना केटा र एक जना केटी गरी जम्मा ५ जना पास भएका थिए । त्यो एकजना केटी म नै थिएँ । करिब २ घण्टा हिँडेर पढ्न जानुपर्थ्यो । त्यसरी पढेर पनि मैले पास गर्न सकें । त्यो एउटा उदाहरण नै बन्यो । त्यसले मलाई अझै हौसला दियो । तर पछि आईकम पढ्दापढ्दै विवाह भएपछि पढाईलाई निरन्तरता दिन सकिएन ।

*प्रतिष्ठाः त्यत्रो २ घण्टा हिँडेर पढ्न जानुपर्दा होस् नजाउँ जस्तो लागेन ?*

**थपलिया**: अहँ ! त्यस्तो चैं कहिल्यै लागेन । पढ्ने आफ्नो लागि हो । भित्रैदेखि पढ्छु भन्ने भावना आयो भने त्यस्तो कहिले लाग्दैन ।

*जेनिशाः हजुरलाई के बन्ने इच्छा थियो ?*

**थपलिया**: मैले कमर्स पढेकोले बैंकमा जागिर खान्छु भन्ने थियो । तर पछि पढाई छुट्यो । विवाहपछि घरबाट पढ्नलाई सपोर्ट भएन । श्रीमान मेडिकल फिल्ड कै हुनुभएकोले काम गर्दै गर्दा मैले धेरै काम सिकें । मेरी छोरी पाँच कक्षामा अध्ययन गर्दै गर्दा मेरो श्रीमानको देहान्त भयो । त्यसपछि पढेर उबेला मैले व्याचलरसम्मको पढाई सकें । तर पछि आफुले जानेको काम नै गर्ने सोच राखेर अनमी र सिएमए दुबै पढें । अनि अहिले यही पेशामा छु ।

*सुहानाः विवाहपछि हजुरलाई पढ्न प्रेरणा कसरी मिल्यो ?*

**थपलिया**: मेरो एकजना दाजु हुनुहुन्थ्यो कृष्ण प्रसाद सुवेदी, वहाँले सँधैं पढ्नका लागि प्रेरित गरिरहनुहुन्थ्यो । यहि गाउँमा पनि धेरै हुनुहुन्छ मलाई प्रेरणा दिने । मेरो पढाई प्रतिको लगनशीलता कहिल्यै कम भएन । मेरो लगनशीलता पनि मेरो प्रेरणा हो । मैले सिरानीमा एउटा किताब, भऱ्याङमा एउटा किताब र पसलमा एउटा किताब राखेको हुन्थें । जहाँ हुन्थें, त्यहीं पढ्थें ।

*रविनाः अझैपनि यो चैं गर्छु भन्ने केही लक्ष्य बाँकी छ कि हजुरको ?*

**थपलिया**: अब मेरो पढाई त ब्रेक लाग्या जस्तै छ । पढ्नलाई खासै उमेरले त छेक्दैन, मेरो छोरी १० कक्षामा पढ्दै गर्दा म ११ कक्षामा पढ्थें एउटै स्कुलमा । अहिले चैं आँखाहरु पनि कमजोर भएकोले पढ्ने इच्छा हुँदाहुँदै पनि मास्टर्स चैं गर्न सकिएन । छोरी, नातिनीलाई चैं पढाउनुपर्छ भन्ने सोच छ । छोरीले अहिले मास्टर्स सक्नुभयो । नातिनीलाई पढ्ने वातावरणका लागि सपोर्ट गर्दैछु ।

*विशेषः हजुर कमर्स पढ्नुभयो, पछि मेडिकल पढेर स्वास्थ्य क्षेत्रमा आउनुभयो अनि अहिले जिल्ला समन्वय समितिको सदस्य हुनुभयो । यो कसरी सम्भव भयो ?*

**थपलिया**: राजनीतिमा मेरो कुनै इच्छा छैन । मलाई राजनीति गर्न पनि आउँदैन । सबैको साथले नै हो म त्यहाँसम्म पुगेको तर पनि स्वास्थ्यको क्षेत्रमा वडालाई केही गर्न सकिन्छ कि भन्ने लागीरहन्छ ।

*विनिताः कमर्स छोडेर मेडिकलमा आउनुभयो कुनै पश्चाताप छ कि ?*

**थपलिया**: छैन ! मलाई अहिले यही फिल्डमा आनन्द आउँछ । मैले सेवा नगरेको यो गाउँमा कमै मानिस होलान् । मलाई सबैले मेरो यही कर्मका लागि चिन्छन् । म यो फिल्डमा आउनमा मेरो श्रीमानको पनि ठुलो योगदान छ ।

*रविनाः हजुरलाई यही व्यवसाय बजारमा गरौं जस्तो लागेन ?*

**थपलिया**: मलाई त्यस्तो लागेन । यहाँका गाउँलेलाई सेवा गर्न पाएको छु । विरामी सिकिस्त भैसकेपछि बल्ल उपचार खोज्ने ठाउँमा मेरो बढि जरुरत भएको महसुस गरेँ । त्यसैले गाउँ मै बसेँ । छोरीले बजार जाउँ सुविधा छ भन्दा पनि म गइँन ।

*रविनाः हिजोआज पनि हाम्रो समाजमा बालविवाह भइरहेको परिवेशमा हजुरको पालामा त बालविवाह अझै बढि थियो होला । हजुरलाई चैं विवाहको दवाव कत्तिको आयो ?*

**थपलिया**: आयो नि ! त्यो बेला त १३, १४ वर्षदेखि नै विवाहको कुरा चल्थ्यो । विवाह पनि हुन्थ्यो । मलाई पनि दवाव आएको थियो तर मैले गर्दिनँ नै भनें । अहिले पनि धेरै यस्तो सुनिन्छ । छोराछोरीमा भेदभाव गरेको देखिन्छ । मलाई नै पनि धेरैले छोरा छैन यत्रो घर किन बनाको होला भन्छन् । त्यो विभेद होईन त ? शिक्षितहरुले पनि एउटा छोरा त हुनैपर्छ भनेको सुन्दा दुःख लाग्छ ।

*रविनाः अन्त्यमा हामीलाई केही सल्लाह दिन चाहनुहुन्छ कि ?*

**थपलिया**: तपाइँहरुको समय मिहिनेत गर्ने, सिक्ने समय हो । भित्रैदेखि पढ्छु भन्ने भावना आउनुपर्छ । बुझेर पढ्नु होला । यो समयको महत्व बुझ्नुहोला । तपाइँहरुको उज्ज्वल शैक्षिक भविष्यको शुभकामनासहित मेरो अनुभव सुनिदिनु भएकोमा तपाइँहरुलाई धन्यवाद !


## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

**QRL (Qualified Reference Lab)**

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

## स्वादिष्ट नेवारी खाजा

अब






**होटल बासुकला (फास्टफुड) मा**

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## हेटौंडाको सडक विस्तार प्रकरण
# प्रशासन र पालिकामा व्यावसायीको ६ बुँदे माग

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडामा २५ मिटर सडक विस्तार सम्बन्धमा हेटौंडाका व्यवसायीहरुले हेटौंडा उपमहानगरपालिका र जिल्ला प्रशासन कार्यालय मकवानपुरमा ६ बुँदे ज्ञापनपत्र बुझाएका छन् । पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्मको सडक चौडा गर्ने उद्देश्यले सडक डिभिजन कार्यालय हेटौंडाले असार १० गते सूचना जारी गर्दै ३५ दिन भित्र घर टहरा हटाउन निर्देशन दिएको छ ।

बिहिबार व्यवसायीले संयुक्तरुपमा हेटौंडा उपमहानगरपलिकाकी प्रमुख मीनाकुमारी लामा र प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाइलाई ६ बुँदे ज्ञापनपत्र बुझाएको हो । व्यवसायीले "सडकको विद्यमान चौडाइलाई बढाएर विकल्प खोज्ने/वास्तविक लगत लिने, सडक विस्तार हुँदा व्यवसायीको उचित स्थानमा व्यवस्थापन तथा घरधनीलाई उचित मुआब्जा दिनुपर्ने, सडकको पुनःनिर्माण अवधिभर व्यवसायीको बैंक तथा वित्तीय संस्थाको ऋणलाई शुन्य अवधि मानेर सो अवधिको व्याज समेत जोडेर प्रभावित व्यवसायीलाई पुनःकर्जा तथा पुनःतालिकीकरणको व्यवस्थाका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले बैंक तथा वित्तीय संस्थाहरुलाई पहल गर्नुपर्ने, पुनःनिर्माण अवधिभरको व्यवसाय कर तथा घरबहाल कर छुट हुनुपर्ने, पुनःनिर्माण अवधिभरका लागि र ाष्ट्र बैंकद्वारा जारी गरिएको कर्जासम्बन्धी मौद्रिक नीति कारोबार मान्ने भएकोले त्यसमा लचकता अपनाउने व्यवस्थाका लागि स्थानीय सरकार, संघीय सरकारमा विभागले पहल गर्ने, प्रभावित क्षेत्रको घर टहरा पुनःनिर्माण पश्चात साविक व्यापार-व्यवसाय गरिरहेका व्यवसायीलाई धरौटी बिना उपलब्ध हुने सुनिश्चिता गर्नुपर्ने माग राखेका छन् ।

ज्ञापनपत्र बुझ्दै नगरप्रमुख लामाले हेटौंडा बनाउने कुरामा आफु सधैं अघि बढेको भन्दै त्रासमा रहेको व्यवसायीहरुलाई नगरपालिका व्यवस्थापनमा लाग्ने आश्वासन दिनुभयो । सडक सबैको भएकाले सबै मिलेर सडक बनाउन अघि बढ्नु पर्ने बताउँदै व्यवसायीलाई संरक्षण गर्न नगरपालिका लागी परेको उहाँको भनाई रहेको छ । ज्ञापनपत्र बुझाउने क्रममा मकवानपुर फर्निचर व्यवसायी संघका अध्यक्ष कृष्ण अर्याल, कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुर का अध्यक्ष नेत्रप्रसाद खतिवडा, मोवाईल एशोसियन मकवानपुरका अध्यक्ष नवराज चौलागाई, जुत्ता चप्पल व्यवसायी संघका अध्यक्ष रामहरी तिमल्सिना, मकवानपुर भाडा व्यवसायी संघका महासचिव सञ्जय प्रसाद रौनियार, ग्रिल तथा स्टिल व्यवसायी संघका अध्यक्ष केशव प्रसाई, निर्माण सामग्री व्यवसायी संघका अध्यक्ष बालकृष्ण बजागाई, हेटौंडा ढुवानी एसोसिएसनका अध्यक्ष प्रदिप अर्याल लगायतको उपस्थिति रहेको थियो ।

# जिल्ला प्रशासनविरुद्ध सर्वोच्चमा रिट

समाज संवाददाता

**हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई प्रतिवादी बनाएर सर्वोच्च अदालतमा रिट दायर भएको छ । जिल्ला प्रशासनमा परेको निवेदेमा लेनदेनको मुद्धा मिलाउने प्रयास गर्दा कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मालाई नै प्रतिवादी बनाएर सर्वोच्चमा रिट परेको हो ।**

**सरकारले आयोग गठन गरी जिल्ला प्रशासन कार्यालयहरुबाट मिटरब्याजीहरुको निवेदन संकलन गरिरहेको छ । यसै क्रममा शर्माले विनय धिताल र उनका आमा नारायणी धितालालाई जिल्ला प्रशासन कार्यालय बोलाई लेनदेनको मुद्धामा कागजमा सहीछाप गर्न लगाएको भन्दै विनयले सर्वोच्चमा रिट दिएका हुन् । विनय धिताल र सुरेश आचार्यबीच लेनदेन भएको र सो मुद्धामा जिल्ला अदालतबाट गत फागुन ४ गते फैसला भएकोमा आचार्यले फैसलाविरुद्ध उच्च अदालतमा पुनरावेदन गरेका छन् ।**

**धितालले गत असार ६ गते निशेधार्थ गरी जिल्ला प्रशासन कार्यालय, सहायक प्रमुख जिल्ला अधिकारी शर्मा, सुरेश आचार्य, बाबुराम घिमिरे, कृष्णप्रसाद पराजुलीलाई प्रतिवादी बनाइएका छन् । रिट परेपछि सर्वोच्चले लिखित जवाफ मागेकोमा जिल्ला प्रशासन कार्यालय र सहायक प्रमुख जिल्ला अधिकारी शर्माले बुधबार नै लिखित जवाफ पेश गर्नुभएको छ । जिल्ला प्रशासनको कार्य क्षेत्रभित्र रहेर मेलमिलापको प्रयास गरेको भनि लिखित जवाफ पेश भएको बताइएको छ । अदालतले साउन २१ गतेका लागि धितालालाई उपस्थित हुन आदेश दिएको छ ।**

# लागुऔषधसहित ३ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१५ रातोमाटे चेकपोष्टबाट लागुऔषधसहित प्रहरीले ३ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पर्सा जिल्लाको बीरगंज महानगरपालिका-२, राधेमाई बस्ने ३५ वर्षीया किरण देबिना, भारत मोतिहारी बस्ने २६ वर्षीया पुनम देवी राम र हेटौंडा-९ बस्ने २७ वर्षीय टेक बहादुर मगर रहेको प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिनुभयो ।

बुधबार राती ११ बजेर ३० मिनेटको समयमा बीरगंजबाट हेटौंडा आउँदै गरेको ना ५ ख ८६८८ नम्बरको माईक्रोलाई सुरक्षाजाँच गर्दा माईक्रोमा सवार किरण र पुनमको साथबाट प्रहरीले लागुऔषध फेला पारेको हो । उनिहरुको साथबाट प्रहरीले डाईजेपाम ३५ पिस, फेनार्गन ६६ पिस र नुर्फिन ३४ पिस (१३५ पिस प्रत्येक पिस २ एमएल) फेला पारेको जनाएको छ । लागुऔषध ओसार प्रसारमा संलग्न रहेका टेक बहादुरसहित २ जनालाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# कुलोमा डुबेर लामाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका-२, चित्रेमा सिँचाईको कुलोमा डुबेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ६५ वर्षीय च्याङ्ग लामा रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

लामा बुधबार दिउँसो ४ बजेर ३५ मिनेटको समयमा गोरेटो बाटो नजिकै रहेको सिँचाईको कुलोमा डुबी मृत अवस्थामा फेला परेका थिए । स्थानीयका अनुसार लामा अत्याधिक मादकपदार्थ सेवन गर्ने गरेका थिए । लामाको शव मुचुल्का पश्चात पोष्टमार्टमका लागि मेलम्ची अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

## प्रथम समाज कल्याण कप फुटबलः
# नवसप्तरंगी र नमोबुद्ध विजयी

समाज संवाददाता

**हेटौंडाः हेटौंडामा जारी प्रथम समाज कल्याण कप फुटबल प्रतियोगितामा एफसी सप्तरंगी र नमोबुद्ध एफसी विजयी भएका छन् । बिहीबार भएको खेलमा एफसी सप्तरंगी युवा क्लब र एफसी नमोबुद्ध विजयी भएका हुन् ।**

**हेटौंडा-१४, मयूरधापस्थित कालापानी मैदानमा भएको पहिलो खेलमा नवसप्तरंगी युवा क्लबले वाइट टाइगर एफसीलाई सडन डेथमा १-० गोलले पराजित गर्दै विजयी भएको थियो । नमोबुद्ध एफसीले युफी युनाइटेडलाई ट्राइब्रेकरमा ५-४ गोलले पराजित गर्दै विजयी भएको हो ।**

**नवसप्तरंगी युवा क्लबबाट निश्चल थिङ र युफी युनाइटेडबाट शितल मोक्तान खेलको म्यान अफ द म्याच घोषित भए । शुक्रबार पहिलो खेल २ः०० बजे गोल्पिन्टार युथ क्लब र चुरेकालिका युथ क्लबबीच हुनेछ भने दोस्रो खेल अपराह्न ४ बजे सगरमाथा युथ क्लब र चौकीटोल युवा क्लबबीच हुने छ ।**

**प्रतियोगिमा १६ वडा टिमको सहभागिता रहेको हेटौंडा उपमहानगरपालिका वडा-१४ का बाल सञ्जाल अध्यक्ष सस्मीत ढकालले बताउनुभयो । प्रतियोगितामा विजयी टिमलाई ३० हजार उप-विजेतालाई १५ हजार रुपैयाँसहित शिल्ड, मेडल प्रमाणपत्र प्रदान गरिने ढकालले जानकारी दिनुभयो । प्रतियोगिता आयोजनाका लागि १ लाख ५० हजार रुपैयाँ खर्च हुने ढकालले जानकारी दिनुभएको छ । प्रतियोगिता आयोजनाका लागि १ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको ढकालले बताउनुभयो ।**

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मा शैक्षिक सत्र २०८०/०८१ को लागि कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।
अध्यापन हुने विषय/समूहहरु
- विज्ञान (कम्प्युटर विज्ञान सहित),
- कानून,
- वाणिज्य (कम्प्यूटर विज्ञान सहित)
- शिक्षा (ऐ. अङ्ग्रेजी, ऐ. गणित, ऐ. नेपाली, ऐ. स्वास्थ्य र शारीरिक शिक्षा सहित)

धमाधम नयाँ भर्ना लिइँदैछ । सीट सिमित भएकोले समयमै भर्ना भई आफ्नो सीट सुरक्षित राख्न सम्बन्धित अभिभावक तथा विद्यार्थी वर्गमा सूचित गरिन्छ ।
साथै (CTEVT अन्तर्गत) वनविज्ञान ३ वर्षे डिप्लोमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले यही श्रावण ११ गतेभित्र आवेदन फाराम बुझाईसक्न जानकारी गराईन्छ ।
कक्षा ११ को कक्षा सञ्चालन यही श्रावण १० गते बिहान ६:०० बजेबाट हुनेछ ।
प्रधानाध्यापक
सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२, मकवानपुर
सम्पर्क नम्बरहरू: ०५७-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

# बक्सिङ संघमा मकवानपुरका ३ जना

समाज संवाददाता

हेटौंडाः नेपाल बक्सिङ संघको साधारणसभा सम्पन्न भएको छ । बुधबार पोखरामा सम्पन्न भएको छैठौं साधारणसभा तथा अधिवेशनमा संघको नयाँ कार्यसमितिमा मकवानपुरका ३ जना चयन भएका छन् । कार्यसमितिको उपाध्यक्षमा मकवानपुरका सविन भट्टाचार्य, सदस्यमा सुशील घिमिरे र मिलनध्वज राना मगर चयन हुनु भएको छ ।

जिल्ला अध्यक्ष समेत रहनुभएका नवनिर्वाचित केन्द्रीय समिति सदस्य घिमिरेले आगामी दिनमा नेपालामा बक्सिङ खेलको विकासमा जोड दिने बताउनुभयो । प्रत्येक जिल्लामा बक्सिङ खेलको विकास कसरी गर्न सकिन्छ भन्ने कुरामा लागीपर्ने घिमिरेले जानकारी दिनुभयो । दुई दिनसम्म चलेको अधिवेशनमा ४० जिल्लाबाट ७६ जना प्रतिनिधिहरु उपस्थिति भएका थिए । अधिवेशनले ४ प्रदेश समिति समेत गठन गरेको छ । राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिमिरेको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

# टिफरको ठक्करबाट लामाको मृत्यु

समाज संवाददाता

हेटौंडाः काभ्रे जिल्लाको पाँचखाल नगरपालिका-४, तामाघाटमा दुईवटा टिफर एक आपसमा ठोकिँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा रामेछाप जिल्ला दोरम्बा गाउँपालिका-१ का ३८ वर्षीय मियौ लामा रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बुधबार पाँचखालबाट जिरोकिलो जाँदै गरेको बा २ क ३७६९ नम्बरको खाली टिफर र बिपरित दिशाबाट आउँदै गरेको बा प्र ०१-००४ क १४७८ नम्बरको टिफर ठोकिँदा बा २ क ३७६९ नम्बरको टिफर चालक लामा गम्भीर घाइते भएका थिए । घाइते लामालाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुवै टिफर र चालक नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

के तपाईं आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस
०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
Email:sambridhasamaj@gmail.com




नोटः यसै शैक्षिक सत्रदेखि फुर्केचौर, हटिया, कमाने र पदमपोखरी क्षेत्रमा यातायातको सुविधा सञ्चालन गरिएको सहर्ष जानकारी गराइन्छ ।

